Peace Corps NEPAL

संवादपत्र | जून २०२५ | अङ्क : ७



**पीसकोर/नेपालतर्फबाट नमस्ते 🙏**

सन् २०२६ को पहिलो ६ महिनाले पीसकोर नेपालमा नयाँ ऊर्जा र उत्साहको लहर ल्याएको छ । जनवरीमा दुई वर्षको लागि ५१ नयाँ स्वयंसेवकहरू आइपुगे । सेवा-पूर्व तालिम पूरा गरे र मार्चको अन्त्यमा सेवाको लागि सपथ ग्रहण गरे । यसका अतिरिक्त मे महिनामा आठ जना रेस्पोन्स विशेषज्ञ स्वयंसेवकहरू सम्मिलित समूहले अभिमुखीकरण पूरा गरी आफ्नो कार्यभार सम्हाले।५९ जना नयाँ स्वयंसेवकहरूको सपथ ग्रहण गरेपछि पनौतीस्थित हाम्रो प्रशिक्षणले समुदायसँग हाम्रो सम्बन्ध सुदृढ भएको छ, जसले त्रिभुवन विश्वविद्यालयको वन विज्ञान अध्ययन संस्थान हेटौँडा क्याम्पस र गण्डकी प्रदेशको ठिनीका होमस्टे समुदायहरूमा हाम्रा रेस्पोन्स स्वयंसेवक (PCV) हरूको नियुक्तिलाई विस्तार गरेको छ । मार्च महिना भाषा प्रशिक्षणमा पनि उपलब्धिको कीर्तिमानी महिना रह्यो किनकि हाम्रा ५१ जना N211 प्रशिक्षार्थीहरूमध्ये ८८ प्रतिशतले पूर्व-सेवा तालिम (PST) को अन्त्यसम्ममा आफ्नो नेपाली भाषाको अन्तर्वार्तामा 'इन्टरमिडियट-मिड' वा सोभन्दा माथिको स्तर हासिल गरे । अप्रिलको प्रमुख आकर्षण हाम्रा दुईवटा मध्य-सेवाकालीन सम्मेलनहरू हो, जुन धुलिखेल र पोखरामा सफलताका साथ सम्पन्न भयो थियो, यसमा ६ जिल्लाका N210 समूहका स्वयंसेवकहरू र ७४ जना सहकर्मीहरूले आफ्नो प्राविधिक र व्यावहारिक सीपको क्षमता विकास र प्रदर्शन गर्ने मौका पाएका थिए । हामीले सेवा पुऱ्याइरहेका प्रत्येक जिल्लाका सहकर्मीहरूले गर्वका साथ बोलेको, सुमधुर स्वरमा गाएको र आफ्ना स्वयंसेवकहरूसँगसँगै बसेर काम गर्दै बलिया सम्बन्धहरूको निमार्ण भएको हामीले महसुस गर्यौं । साथै, मार्च २०२६ मा आफ्नो दुई वर्षे कार्यभार पूरा गरेका N209 समूहका सात स्वयंसेवकरूले हामीले भावपूर्ण बिदाइ गर्‍यौं । सेवा समाप्त भएका यी स्वयंसेवकहरू स्नातकोत्तर अध्ययनका लागि जाँदैछन् र अमेरिकामा रोजगारीको खोजी गरिरहेका छन् । हाल ९७ जना पीसकोर स्वयंसेवकहरू कृषि, वातावरण तथा पर्यावरण पर्यटन र शिक्षा क्षेत्रमा स्थानीय रूपमा पहिचान गरिएका चुनौतीहरूलाई सम्बोधन गर्न स्थानीय समुदाय र विद्यालयहरूसँग साझेदारी गरिरहेका छन् । सन् २०२७ मा नयाँ जिल्लाहरु धनकुटा, तेह्रथुम र दोलखामा N212 समूहलाई विस्तार गर्ने तयारी गरिरहँदा पीसकोर नेपाल दृढताका साथ उभिएर अगाडि बढिरहेको छ । हामीलाई शुभकामनाको आवश्यक छ ! सधैँझैँ हामी तपाईंहरूलाई जानकारी गराइरहनेछौँ र तपाईंहरूको निरन्तर सहयोगप्रति गहिरो आभार व्यक्त गर्दछौँ ।

**डा. किमाह नजीउल्लाह,**
*कार्यवाहक राष्ट्रिय निर्देशक, पीसकोर/नेपाल*

## NR3 को आगमन र सपथ ग्रहण



मे महिनामा आठ जना नयाँ रेस्पोन्स स्वयंसेवकहरूले सपथ ग्रहण गरे । उनीहरूले त्रिभुवन विश्वविद्यालयका क्याम्पसहरूमा क्षेत्र अनुसन्धान विशेषज्ञ र प्रयोगशाला प्राविधिक विशेषज्ञको रूपमा र पर्यटनमा आधारित ग्रामीण समुदायहरूमा पर्यावरण पर्यटन प्रवर्द्धन स्वयंसेवकको रूपमा सेवा गर्नेछन् ।

## N211 को आगमन र सपथ ग्रहण

सन् १९६२ मा कार्यक्रम सुरु भएदेखि नेपालमा पीसकोर स्वयंसेवकको रूपमा सेवा गरेका ४,००० भन्दा बढी अमेरिकीहरूको सूचीमा सामेल हुँदै, मार्चको अन्त्यमा ५१ नयाँ स्वयंसेवकहरूले आधिकारिक रूपमा सपथ ग्रहण गरे । आगामी दुई वर्षसम्म, यी स्वयंसेवकहरूले सामुदायिक वन उपभोक्ता समूहहरूसँग सहकार्य गर्नेछन्, सरकारी विद्यालयहरूमा अङ्ग्रेजी शिक्षण गर्नेछन्, र खाद्य सुरक्षा सुधार गर्न कृषक समूहहरूसँग मिलेर काम गर्नेछन् । यस कार्यक्रममा प्रमुख अतिथिको रूपमा उपस्थित भइदिनुभएकोमा हामी कन्सुलर सेवा विभागकी महानिर्देशक श्री दुरपदा सापकोटाप्रति आभारी छौँ ।



## अमेरिकी दूतावासको नेतृत्वबाट भ्रमण

कार्यवाहक राजदूत (Charge d'Affaires) महामहिम स्कट अर्बामज्यूले अर्घाखाँचीमा स्वयंसेवकहरूलाई भेट्नुभयो । हाम्रो सबैभन्दा टाढाको जिल्लामा रहेका पीसकोर स्वयंसेवकहरूले यस वर्षको अप्रिलको अन्त्यमा कार्यवाहक महामहिम राजदूत अर्बामज्यूलाई स्वागत गर्ने अवसर प्राप्त गरे । ती भाग्यशाली छ जना स्वयंसेवकहरू र उनीहरूका नेपाली परिवार तथा स्थानीय समुदायका सदस्यहरूले कार्यवाहक महामहिम राजदूतज्यूसँग अन्तरक्रिया गर्ने अवसर पाए जहाँ उनीहरूले यहाँको जनजीवनमा घुलमिल हुने प्रक्रिया, नेपाली भाषाको विकास, प्राविधिक कार्य र आफ्नो बाँकी सेवा अवधिका लागि भविष्यका योजनाहरूबारे जानकारी बाँड्ने अवसर पाए । आफैं पनि एक पूर्व स्वयंसेवक भएको नाताले महामहिम अर्बामज्यूले स्वयंसेवकहरूसँग उनीहरूकै "घरमा" अन्तरक्रिया गर्न पाउँदा निकै आनन्दित महसुस गर्नुभयो र हाम्रा कार्यक्रमहरूप्रति उहाँको निरन्तर र उत्साहजनक सहयोगका लागि हामी हृदयदेखि नै कृतज्ञ छौँ ।





## कृषि परियोजनाका लागि कृषि मन्त्रालयद्वारा सम्झौता-पत्र नवीकरण








पीसकोर नेपाल र कृषि, वन तथा वातावरण मन्त्रालय (MoAFE) बीच सन् २०२६ जुन ३ मा काठमाडौँमा ५ वर्षे कृषि परियोजनाका लागि सम्झौता-पत्र (MoU) मा हस्ताक्षर भयो । यस समझदारीले पीसकोर कृषि परियोजनाको निरन्तरता सुनिश्चित गर्दछ, यो एक महत्वपूर्ण पहल थियो जुन सन् २०१३ मा पीसकोरले नेपालमा आफ्नो कार्यक्रम पुनः सुरु गर्दा थालनी गरिएको थियो । सचिव डा. राजेन्द्रप्रसाद मिश्र र सहसचिव डा. हरिबहादुर केसीको उपस्थितिमा सम्पन्न यस नवीकरणले तल्लो तहको विकासमार्फत जनजीवन परिवर्तन गर्ने हाम्रो साझा प्रतिबद्धतालाई अझ गहिरो बनाएको छ र आगामी पाँच वर्षका लागि हाम्रो बाटोलाई सुदृढ गरेको छ ।

## तालिमका आकर्षणहरू

### N210 मध्य-सेवाकालीन सम्मेलन (MSC)

N210 मध्य-सेवाकालीन सम्मेलन पोखरा र धुलिखेलमा सम्पन्न भयो । यसमा ३७ जना स्वयंसेवक र ७४ जना सहकर्मीहरुले एकै ठाउँमा भेला भई आफ्नो समीक्षा, सिकाइ र प्रतिबद्धताहरुको नविकरण गराए । मध्य-सेवाकालीन तालिमबाट मध्य-सेवाकालीन सम्मेलनमा गरिएको यो परिवर्तनको उद्देश्य सहकर्मी क्षमता विकास र नेतृत्वलाई अझ प्रभावकारी रूपमा सहयोग पुऱ्याउनु हो ।








## नेपालमा स्वयंसेवक सेवाका आकर्षणहरू



स्वयंसेवक प्रोफाइल : भुवन

भुवन : भुवन एस. को विशेष स्वयंसेवक प्रोफाइल

*tinyurl.com/m8ufd423*



स्वयंसेवकको लेख : प्रशील

नेपालमा डिजिटल साक्षरताको प्रवर्द्धन

*tinyurl.com/mrxryr2a*

## स्वयंसेवक जीवनका झलकहरू : मनसुनका दिनहरू र बगैंचा योजनादेखि दालभातका साँझहरूसम्म



स्वयंसेवक सिएना नेपाली शैलीमा दालभातको आनन्द लिँदै ।



स्वयंसेवक लिज र सहकर्मीहरू आफ्नो आँपको बगैंचा वृक्षारोपण क्षेत्रको भ्रमण गर्दै र विस्तृत विवरणहरूबारे छलफल गर्दै ।



मनसुनको वर्षामा स्वयंसेवक रिभर सुकाइएका लुगा उठाउदै ।